# राप्ती गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : १ | अङ्क : १ | प्रकाशन मिति: २०

**भाग २**


## राप्ती गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम राप्ती गाउँपालिका, दाङको गाउँ कार्यपालिकाले बनाएको तपसिलमा लेखिए बमोजिमको रणनीति सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# राप्ती गाउँपालिकाको बालश्रम निवारणसम्बन्धी रणनीति २०७८ (२०७८–२०८५)

**राप्ती गाउँपालिकाको परिचय :**

**विभिन्न**

नेपालको मध्यपश्चिम क्षेत्रका रहेका दाङ जिल्लाको पूर्वी भागमा अवस्थित राप्ती गाउँपालिका भित्री मधेश तथा चुरे क्षेत्रमा अवस्थित छ । राप्ती गाउँपालिका साविकमा भएका २ वटा गाउँ विकास समितिहरु लालमटिया र सिसहनियाको सबै भाग तथा हाँसीपुर गाउँविकास समितिहरु साविक वडा नं १ र २ वडालाई पुनर्संरचना गरी हाल ९ वटा वडामा पुनर्संरचना गरिएको छ । हाल यसको प्रशासनिक केन्द्रको रुपमा मसुरिया राखिएको छ । यो गाउँपालिका २७ डिग्री ४९ मिनेट ५ सेकेण्डदेखि २७ डिग्री ५५ मिनेट १५ सेकेण्ड उत्तरी अक्षांस सम्म र ८२ डिग्रि ३६ मिनेट ८ सेकेण्डदेखि ८२ डिग्री ४८ मिनेट २६ सेकेण्ड पूर्वी देशान्तरमा रहेको छ । कूल क्षेत्रफल १६१ वर्गकिलोमिटर रहेको छ । यस गाउँपालिकाको पूर्वमा राप्ती नदीपारि अर्घाखाँची जिल्ला र दक्षिणमा राप्ती नदी तथा गढवा गाउँपालिका, उत्तर-पूर्वमा प्यूठान,

उत्तरमा बंगलाचुली गाउँपालिका तथा पश्चिममा लमही नगरपालिका, सिंगेखोला पर्दछ । यस गापाको बीचबाट करिव १५ कि.मि. पूर्व-पश्चिम राजमार्ग पर्दछ । यो गाउँपालिका समथर तथा सिंचाइ सुविधा भएको कारण अति उर्वरसमेत भएकाले कृषि खेती तथा तरकारी बालीको लागि राम्रो संभावना छ । यस गाउँपालिका क्षेत्रमा ब्राम्हण, क्षेत्री, ठकुरी, मगर, थारु, दलित र मुस्लिमहरुको बसोबास रहेको छ ।

## २. ऐतिहासिक चिनारी तथा नामाकरण

राप्ती गाउँपालिका दाङ जिल्लाको सदुरपूर्वी क्षेत्रमा रहेको गाउँपालिका हो । नेपालको संघीय शासन प्रणाली अन्तर्गत राज्य पुनर्संरचनामा स्थानीय तहको नयाँ सिमाङ्कन गर्दा यो गाउँपालिका साविकका ३ वटा गाविसहरुबाट रुपान्तरण भई स्थापना भएको हो । यो गाउँपालिका जातिगत तथा सांस्कृतिक रुपमा विशिष्टता र विविधता वोकेको गाउँपालिका हो । आदिबासी थारु, मगर र क्षेत्री वाम्हणहरुको समेत यस गाउँपालिकमा बसोबास रहेको छ । यस गाउँपालिकाको पूर्वी तथा दक्षिणी भागबाट समग्र देउखुरीकै सम्पत्ति, प्रमुख ऐतिहासिक स्रोतको रुपमा रहेको र समुन्नत कृषि प्रणालीको आधार राप्ती नदीले यस गाउँपालिकालाई चिनाएको छ ।

ऐतिहासिक तथा पर्यटकीय महत्व तथा प्रसिद्ध धार्मिक आस्थाको केन्द्रको रुपमा रहेका प्रसिद्ध भद्राक्षी देवी मन्दिर यसै गाउँपालिकामा पर्छ । स्वस्थानी व्रत कथामा उल्लेख भएअनुसार महादेव पत्नी सतीदेवीको देब्रे घुँडा पतन भएको स्थान यो ऐतिहासिक तथा प्रसिद्ध ऐ तिहासिक महत्वका स्थल यस गाउँपालिकाभित्र पर्दछ ।

### २.१ नामाकरण

राप्ती गाउँपालिको नामाकरण सम्बन्धमा रहेको धारणा अनुसार यो क्षेत्र देउखुरी उपत्यकाको जलभण्डारको रुपमा रहेको राप्ती नदीको सिंचित भूमि हो । यहाँ राप्ती र यसका सहायक नदीहरु पूर्वबाट क्रमश: पश्चिमतर्फ बहेको छ । यस क्षेत्र भएर राप्ती नदी बहने हुनाले आदिकालदेखि यस क्षेत्रलाई राप्ती क्षेत्र नै भनिँदै आएको हो । त्यसैले हाल राज्य पुनर्संरचनामा यस गाउँपालिकाको नाम राप्ती राखिएको हो ।

## ३. राजनीतिक अवस्थिति

राजनैतिक विभाजनको आधारमा दाङ जिल्लाको निर्वाचन क्षेत्र न १ (क) अन्तर्गत पर्ने राप्ती गाउँपालिका जम्मा ९ वटा वडाहरुमा विभाजन भएको छ । साविकको २ वटा गाउँ विकास समितिहरु सिसहनिया र लालमटियाको सबै साविकका वडाहरु र हाँसीपुरको २ वटा वडाहरुलाई पुनर्संरचना गरी राप्ती गाउँपालिका कायम गरिएको छ । यस गाउँपालिकाको केन्द्र वडा न. ३ को मसुरियामा रहेको छ ।

**तालिका न. १: गाउँपालिकाको राजनीतिक विभाजन**

| हालकोवडा नं. | समावेश भएको गाविस | साविक वडा नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | लालमटिया | ३ | २२.७ | |
| २ | लालमटिया | ४ र ७ | २३.९ | |
| ३ | लालमटिया | १, २ र ८ | ९ | |
| ४ | लालमटिया | ५, ६ र ९ | १५.८ | |

| | | | | |
|---|---|---|---|---|
| ५ | सिसहनिया | ५ र ७ | ४२.२ | |
| ६ | सिसहनिया | ८ र ९ | ९ | |
| ७ | सिसहनिया | १, २ र ३ | ८.३ | |
| ८ | सिसहनिया | ४ र ६ | ९.२ | |
| ९ | हाँसीपुर | १ र २ | २१.६ | |
| जम्मा | | १६१.६ | | |

## ४. धरातलीय अवस्था

यो राप्ती गाउँपालिका भित्री मधेश, चुरिया क्षेत्र हुँदै महाभारत पहाडसम्म फैलिएकोले यहाँको भौगोलिक स्वरुपमा समेत विविधता पाइन्छ । यहाँ उत्पन्न भएका खोला तथा खोल्सीहरु क्रमश: उत्तरबाट दक्षिणतर्फ विभिन्न जलाधारमार्फत राप्ती नदीमा मिसिन्छ। यस गाउँपालिकाका अधिकांश क्षेत्र चुरे भू-भाग अन्तर्गत पर्दछन् । यस गाउँपालिकाको वडा नं. २, ४, ३, ६, ७ र ८ वडाहरु समथर जमिन पर्दछ। अन्य वडाहरु होचो चुरे क्षेत्रभित्र अवस्थित छन् । राप्ती नदीको किनार सिंचाइको सुविधा भएको भागहरु कृषिको लागि महत्वपूर्ण रहेको छ। भौगोलिक विविधताले गर्दा यहाँ पाइने वनस्पति तथा जैविक विविधतामा समेत एकरुपता देखिँदैन। यस राप्ती गाउँपालिकाको भौगोलिक अवस्थति अनुसार क्रमश: दक्षिणी तथा पूर्वी मोहडा क्षेत्रबाट उत्तरतर्फ भिरालोपना बढ्दै गएको छ । यस गाउँपालिकाको न्यूनतम उचाइ २५३ मिटर र अधिकतम उचाइ ११९४ मिटर उत्तरी सिमानासम्म रहेको छ।

## प्राकृतिक सम्पदा

राप्ती गाउँपालिकाको प्राकृतिक सम्पदाहरुमा यहाँको उर्भरायुक्त माटो, वनस्पति, नदी र नदीजन्य उत्पादन, खानी आदि रहेका छन् । यहाँ रहेका सरकारी, निजी र सामुदायिक वनहरुमा भौगोलिक स्वरुप अनुसार जैविक विविधतामा पनि फरकपना रहेको छ। चुरे तथा भित्री मधेशसँग जोडिएको भूभागहरुमा कडा काठ तथा निम्न पहाडी क्षेत्रहरुमा नरमकाठका रुखहरु पाईन्छ। जैविक विविधताले सम्पन्न राप्ती सामुदायिक वन क्षेत्र यसै गाउँपालिका अन्तर्गत पर्दछ। यसैगरी राप्ती नदीमा रहेको पानी, ढुङ्गा, बालुवा जस्ता नदीजन्य उत्पादन पनि यस गाउँपालिकाको प्राकृतिक स्रोतको रुपका रहेको छ। साना सिमसार क्षेत्र पनि यस गाउँपालिका रहेको छ । सागसब्जी खेती तथा अन्य नगदेबाली प्रवर्द्धनको लागि उर्वरयुक्त माटो यस गाउँपालिकाभित्र रहेको छ । प्राकृतिक रुपमा रहेको पर्यापर्टन क्षेत्र र होचा श्रृङ्खलावद्ध पहाडहरु यहाँको महत्वपूर्ण सम्पत्तिको रुपमा रहेको छ।

## साँस्कृतिक उत्कृष्टता

विभिन्न धर्मसम्प्रदायमा आस्था एवं विश्वास प्रकट गर्ने भिन्न भिन्न जातजातिको बसोबास रहेको यस राप्ती गाउँपालिका क्षेत्र साँस्कृतिक रुपमा समेत विविधता पाइन्छ । । ब्राम्ह्ण, क्षेत्री, थारु, मगर, दलित, मुस्लिम समुदायको मिश्रित बसोबास रहेको यो गाउँपालिकामा जातीय मौलिक परम्परा अनुसारको संस्कृति अपनाउने गरिएको छ। थारु जातीहरुको ऐतिहासिक थलोको रुपमा यो गाउँपालिका रहेको छ। यस गाउँपालिकाका कतिपय स्थानहरुको नामावली समेत थारु भाषाबाट राखिएको छ । जाति विशेष अनुसार मनाईने हिन्दूहरुको

दशै तिहार, मुस्लिमहरुको रमजान, इद, थारुहरुको माघी, गुरही, अष्टिमकी र अन्य तिथि अनुसारका चाडपर्वहरु पनि मनाइने गरेको छ । यी चाडपर्व मनाउने क्रममा साँस्कृतिक पहिरन समेत लगाउने गरिएको पाइन्छ । यस गाउँपालिका क्षेत्रमा लाग्ने माघेसंक्रान्ति मेला, शिवरात्रि मेला, प्रकृति पूजा, कालरात्रि मेला, श्रीपंञ्चमी मेला, पूर्णिमा मेला यहाँको प्रमुख साँस्कृतिक उत्कृष्टता हुन् ।

## ७. राप्ती विकासका संभावनाहरु

समग्र राप्ती गाउँपालिका विभिन्न पक्षलाई समेटेर अध्ययन गर्दा विकासका संभावनाहरु निम्नानुसार रहेको छन् । यस संभावनाहरुलाई योजनाबद्धढङ्गले काम गर्दा गाउँपालिका क्षेत्रको विकासमा ठूलो योगदान हुनेछ । जुन निम्नानुसार रहेको छ । सबै बुँदाहरुको विस्तृत विवरण यस वस्तुगत विवरणमा समेटिएको छ ।

- कृषि तथा सिंचाई
- मौरी पालन
- दूध उत्पादन
- व्यावसायिक बाख्रापालन
- सामुदायिक वन सम्पदा, जडिवुटी
- प्राकृतिक श्रोतहरु (जल, वनजंगल)
- सघन बाली उत्पादन पकेट क्षेत्र
- धार्मिक पर्यटन
- सास्कृति पर्यटन (र्‍याफटिङ्ग)
- व्यापारिक केन्द्र उत्तरी पहाडी जिल्लाहरुको प्रवेशद्धार
- प्राविधिक शिक्षालय भएकोले (हव)
- पूर्व पशिचम राजमार्ग

## ८. ग्राहर्स्थ उत्पादन

राप्ती गाउँपालिका मुख्यता कृषि पशुपालनमा आधारित अर्थतन्त्र तथा भएको गाउँपालिका हो । यहाको अधिकांश जनसंख्याको जिविकोपार्जन तथा रोजगारीको मुख्य आधार कृषि, पशुपालन तथा व्यापार व्यवसाय नै रहेको देखिन्छ। यस गाउँपालिकाको अर्थतन्त्रमा व्यावसायिक रुपमा खेती गरिएका खाद्यन्न लगायतका नगदेबाली, पशुपालन, दूध उत्पादन, मह, तोरी वन आदिले मुख्य योगदान पुर्‍याउँदै आएको देखिन्छ । यसका साथै आर्थिक अवस्थालाई यिनै क्षेत्रको उत्पादन, गैह्र कृषिजन्य उत्पादन, सेवा, व्यापार तथा वैदेशिक रोजगारी जस्ता आर्थिक क्षेत्रलाई योगदान गर्ने आर्थिक संरचना, कुल ग्रार्हस्थ उत्पादन, निर्यातको अवस्थालाई विश्ले षण गरिएको छ ।

कुल गार्हस्थ उत्पादन (Gross Domestic Product-GDP) र प्रति व्यक्ति कुल गार्हस्थ उत्पादन ( Per Capita Gross Domestic Product) लाई आर्थिक विकासको महत्वपुर्ण सूचकका रुपमा लिइदै आएको छ । कुल ग्रार्हस्थ उत्पादन विश्लेषणका लागि उत्पादन विधि, आय विधि तथा खर्च विधिको प्रयोग गर्ने प्रचलन रहेको छ । उत्पादन विधिमा साधनको लागत मुल्य (Factor cost) तथा उत्पादन मूल्य (Production Price) को विधि अपनाउने गरिन्छ । आय विधिमा

हरेक नागरिकको वार्षिक आम्दानीको गणना गरिन्छ भने खर्च विधिमा हरेक व्यक्तिले १ वर्ष अवधिमा गर्ने कुल खर्चलाई आधार मान्ने गरिन्छ । जसअनुसार दाङको/राप्तीको प्रतिव्यक्ति कुल ग्रार्हस्थ उत्पादन रु. ७६,१२१ (अक्षरेपी छयहत्तर हजार एक सय एक्काइस रुपैयाँ) अर्थात ७७६ अमेरिकी डलर रहेको देखिन्छ । खानी तथा उत्खनन्, रियल स्टेट तथा व्यवसायिक सेवा र अन्य सामुदायिक, सामाजिक तथा व्यक्तिगत सेवा लगायत सूचकका अन्य क्षेत्रको व्यवस्थित अभिलेखीकरण अध्यावधिक नपाइएकाले कुल ग्राह्यस्थ उत्पादन यो भन्दा बढी हुन सक्ने अनुमान गरिएको छ ।

## ९. मानव विकास सूचकांक

समग्र नेपालको मानव विकास सूचकाङ्क ०.४९० रहेको देखिन्छ भने दाङ जिल्लाको ०.४८५ (Arithmetic Mean) तथा ०.५३७ (Geometric mean) देखिन्छ । राप्ती गाउँपालिकाको पनि समग्र जिल्लाकै मानव विकास सूचकाङ्कले प्रतिनिधित्व गर्दछ । यहाँको औसत आयु ६७.३३ वर्ष रहेको छ ।

**तालिका न. २: अन्य सूचकाङ्कहरु**

| सूचक | | विवरण | कैफियत |
|---|---|---|---|
| आर्थिक रुपले संकृय जनसंख्या जिल्ला | ६६.८ प्रतिशत | | |
| नेपालको मानव विकास सूचकाङ्क | ०.४९० | | |
| दाङ्ग जिल्लाको मानव विकास सूचकाङ्क (Arithmetic Mean) | ०.४८५ | | |
| ०.५३७ (Geometric mean) | | | |
| औषत आयु दाङ | ६७.३३ | | |
| बिद्यालय जाने औषत उमेर | ३.८३ बर्ष | | |
| प्रतिव्यक्ति आय (नेपालको) एएए डलर | ११६० | | |
| प्रतिव्यक्ति आय (जिल्ला/दाङ) एएए डलर | ११२७ | | |
| Human Poverty index (HPI) (नेपाल) | ३१.१२ | | |
| Human Poverty index (HPI) (मध्यपश्चिम) | २९.२२ | | |
| Human Poverty index (HPI) (दाङ /राप्ती) | २६.९६ | | |
| Per Capita Gross National income -नेपाल) | ७१८ डलर | | |
| Per Capita Gross National income (दाङ/राप्ती) | ७८० डलर | | |
| जनसंख्या बृद्धि दर दाङ जिल्ला | १.७८ | | |
| प्रजनन दर | २.६ | | |
| गरिवीको दर दाङ जिल्ला | २५.०५ | | |
| गरिवीको बिषमता दाङ जिल्ला | ५.९ | | |
| गरिवीको गहता दाङ जिल्ला | २.०३ | | |

## १०. बस्ती र घरपरिवार विवरण

राप्ती गाउँपालिकामा जम्मा ९ वटा वडाहरु रहेका छन् । यस गाउँपालिकाका वडाहरुको जनसंख्या तथा घरपरिवारहरुको तुलनात्मक अध्ययन गर्दा सबैभन्दा धेरै जनसंख्या वडा नं २ र ३ मा रहेको छ । त्यस्तै सबैभन्दा थोरै घरधुरी वडा न. ९ मा रहेको छ । वडागत बस्ती तथा घरपरिवार विवरण तल तालिकामा दिइएको छ ।

**तालिका न. ३: वडागत वस्ति तथा घरपरिवार विवरण**

| वडा नं. | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | मुख्य वस्तिहरु |
|---|---|---|---|
| १ | ११६६ | ५१०५ | शान्तिपुर (चैते) बगाहासोती, भालुवाङ, पाखापानी, मच्छिताल |
| २ | १३४२ | ६७९२ | एकतानगर, लालमटिया, कालिका चोक, रामनगर, वराखुरी, कटाहा, मुक्तिनगर, स्यानीघोष, बाहुनी पाटा |
| ३ | १२४१ | ६६४१ | वसन्तपुर, खुरुरिया, मसुरिया |
| ४ | १२१५ | ५९६२ | मौरीघाट, जनकपुर, खिनैटा, सुन्दरपुर, नयाँगाउँ |
| ५ | ७५६ | ३९०४ | सिसहनिया, लठहवा, पहरवा, करंगे |
| ६ | ९१८ | ५१९० | बगरापुर, सगरापुर, भगवानपुर, मझेरिया, पत्थरगढवा |
| ७ | ८४५ | ४५५४ | भानपुर, अननपुर, जितपुर, छोट्की सिसहनिया, बड्का सिसहनिया, जगपुर |
| ८ | ९२० | ४५६२ | पिपरी, पिपरा, बिजौरी, कोहलवा |
| ९ | ३६० | १७२३ | देवीकोट, रुपाकोट |
| जम्मा | ८७६३ | ४४४३३ | |

स्रोतः घरधुरी सर्वेक्षण, २०७५

## ११. जनसंख्या वितरणको अवस्था

यस गाउँपालिकामा जम्मा ८७६३ घरधुरी रहेको छ भने जम्मा जनसंख्या ४४४३३ रहेको छ । जनअनुसार पुरुष ५१.३ प्रतिशत र महिला ४७.७ प्रतिशत रहेको छ । त्यसैगरी प्रतिपरिवार औसत जनसंख्या ५.०७ जना रहेको छ । वडागत आधारमा जनसंख्या वितरणको अवस्थालाई तालिकामा प्रस्तुत गरिएको छ । जसमा जम्मा जनसंख्या ४४४३३ (पुरुष २२७८३ जना, महिला २१६३७ जना र तेस्रो लिङ्गी १३) रहेको छ ।

**तालिका न. ४: वडागत आधारमा जनसंख्या वितरण**

| वडा नं. | जम्मा घरधुरी संख्या | पुरुष | महिला | तेस्रो लिंगी | जम्मा जनसंख्या | जनघनत्व |
|---|---|---|---|---|---|---|
| १ | ११६६ | २६७४ | २४२४ | ७ | ५१०५ | २२४ |
| २ | १३४२ | ३५११ | ३२८१ | ० | ६७९२ | २८४=१८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | १२४१ | ३४०२ | ३२३८ | १ | ६६४१ | ७१=२२ |
| ४ | १२१५ | ३०७५ | २८८७ | ० | ५९६२ | ३७७=३ |
| ५ | ७५६ | १९६३ | १९३९ | २ | ३९०४ | ९२=५ |
| ६ | ९१८ | २६६७ | २५२३ | ० | ५१९० | ५७६=६ |
| ७ | ८४५ | २२१९ | २३३३ | २ | ४५५४ | ५४८=६ |
| ८ | ९२० | २३८० | २१८२ | ० | ४५६२ | ४९५=८८ |
| ९ | ३६० | ८९२ | ८३० | १ | १७२३ | ७९=७ |
| जम्मा | ८७६३ | २२७८३ | २१६३७ | १३ | ४४४३३ | २७४.९ |

स्रोत: घरधुरी सर्वेक्षण, २०७५

## १. राप्ती गाउँपालिकामा बालबालिकाहरुको अवस्था:

राप्ती गाउँपालिकामा बालबालिकाहरुको अवस्था मिश्रित रहेको छ । यस गाउँपालिकामा बालबालिकाहरुप्रति हिंसा, अपहेलना, उपेक्षा प्रत्यक्ष रुपमा नदेखिए तापनि अप्रत्यक्ष रुपमा लापरवाही, उपेक्षा र बिपन्न परिवारका बालबालिकाहरु पालिकाभन्दा बाहिर श्रममा जान बाध्य रहेका छन् । यस गाउँपालिकामा बालबालिकाहरुको वस्तुस्थितिको बारेमा हालसम्म भरपर्दो तथ्याकं राख्न सकिएको छैन । श्रमको उच्च जोखिममा रहेका बालबालिकाहरु, निकृष्ट प्रकारको श्रम र जोखिमपूर्ण कार्यमा संलग्न बालबालिकाहरुको यकिन तथ्याकं अद्यावधिक गर्न नसकेको अवस्था छ । गाउँपालिका क्षेत्रभित्र घरेलु श्रममा रहेका बालबालिकाहरुको पनि यकिन तथ्याकं पनि राख्न सकिएको छैन । विद्यालय भर्नादर सन्तोषजनक रहे तापनि आधार भूत तहसम्मको शिक्षा पूरा गर्ने बालबालिकाहरुको अनुपात भर्ना दरको तुलनामा थोरै रहेको पाइन्छ । यी बालबालिकाहरु मौसमी श्रम, ज्यालादारी श्रम, पूर्वाधार निर्माणका कार्यहरुमा श्रम, घरेलु श्रम, तथा यातायात क्षेत्रको श्रममा जाने भएकोले आधारभूत तह सम्मको शिक्षा पूरा गर्न नसकेको पाइन्छ । मुख्य रुपमा बालबालिकाहरु श्रममा लाग्नुको प्रमुख कारणहरुमा परिवारबाट उनीहरुको आवश्यकता पूरा हुन नसक्नु, परिवारका अभिभावकरुले किशोर किशोरीहरुलाई मौसमी श्रमको लागि सहजै अनुमति दिनु आदि रहेका छन् भने बालश्रमको प्रभावकारी अनुगमनको अभाव, बालश्रममा संलग्नहरुलाई नसिहत दिने संयन्त्रको कमी आदि पनि रहेका छन् ।

यस पालिकामा निम्न विषयहरुमा बालबालिकाहरुको अवस्था विश्लेषण गरिएको आधारमा उपर्युक्त निष्कर्ष निकालिएको हो ।

(क) हिंसा, अपहेलना, उपेक्षा

(ख) विद्यालय जाने उमेर समुहका बालबालिकाहरुको विद्यालय भर्ना दर

(ग) अति विपन्न परिवार संख्या र तिनका बालबालिका संख्या

(घ) जोखिम अवस्थामा रहेका परिवार तथा बालबालिका संख्या

(ङ) हाल श्रमिकको रुपमा रहेका बालबालिकाहरु र श्रमको प्रकार

२. बालश्रम निवारणको चुनौती र अवसर:

क) बिगतको प्रयास र अनुभव:

यस पालिकामा बालश्रम रोकथामको लागि पालिका तहबाट होटलमा कार्य गर्ने बालश्रम,

जोखिम अवस्थाका बालश्रम, घरेलु बालश्रम आदिको अनौपचारिक रुपमा यदाकदा अनुगमन गरी सम्बन्धित व्यक्ति वा व्यवसायिहरुलाई मौखिक रुपमा सचेत गरिएको भए तापनि नियमित र योजनाबद्ध रुपमा अनुगमनको अभाव खडकिएको छ। बालश्रम निषेधित क्षेत्र घोषणा र सबै प्रकारको बालश्रम उन्मुलूनका कार्यक्रमहरुलाई योजनाबद्ध गर्न नसकेको अवस्था रहेको छ । यस पालिकामा बालबिवाह, बालबालिकाहरुको हेरचाहमा लापरवाही, जाँडरक्सिको सेवन, जनचेतनाको कमी र स्थानीयस्तरमा रोजगारीको अभाव आदि बालश्रम रोकथामको प्रयासमा चुनौतीको रुपमा देखा परेका छन्। बालश्रमबाट उद्धार गरिएका बालबालिकाहरुलाई संरक्षण र पुनर्स्थापना गर्ने नीति र संयन्त्रको अभाव पनि चुनौतीको रुपमा रहेको छ।

ख) संवैधानिक तथा कानुनी व्यवस्थाः

नेपालको संविधान २०७२ को धारा २९ मा प्रत्येक व्यक्तिलाई शोषण विरुद्धको हक, धर्म, प्रथा, परम्परा, संस्कार, प्रचलन वा अन्य कुनै आधारमा कुनै पनि व्यक्तिलाई कुनै किसिमले शोषण गर्न नपाइने, कसैलाई पनि बेचबिखन गर्न, दास वा बाँधा बनाउन नपाइने र कसैलाई पनि निजको इच्छा विरुद्ध काममा लगाउन नपाइने जस्ता व्यवस्था गरेको छ। त्यस्तै धारा ३९ मा बालबालिकाको हक अन्तर्गत कुनैपनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखीमपुर्ण काममा लगाउन नपाउने प्रावधान उल्लेख भएको छ । यसरी नै उक्त धारामा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुने, प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुने, कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने समेतका अधिकारहरु उल्लेख भएको छ । प्रत्येक बालबालिकालाई बाल अनुकूल न्याय पाउने, असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने कुराको प्रत्याभूति समेत गरेको छ।

यसरी नै संबैधानिक रुपमा बालबालिकाहरुको विविध हकहरुको प्रचलन गराउनको लागि नेपालमा बालबालिका संबन्धी ऐन २०७५ समेत पारित भई कार्यान्वयनमा आइसकेको छ। उक्त ऐनले समेत उपर्युक्त अधिकारहरुको प्रत्याभूति गर्दै बालबालिकाहरुको सुरक्षा, संरक्षण, विकास, शिक्षा, सभागीता, स्वास्थ्य र बालसुलभ न्यायको कार्यान्वयन गर्न विभिन्न प्रावधान, संरचना, प्रक्रियाहरुको व्यवस्था भएको छ। ऐनको दफा ७ को उपदफा (९) मा चौध बर्ष मुनिका बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन वा घरेलु कामदारको वा कमलरीको रुपमा राख्न नपाउने व्यवस्था गरेको छ । यसरी नै बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ ले १४ बर्ष पुरा नगरेको बालकलाई श्रमिकको रुपमा काममा लगाउन नहुने, बालकलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन नहुने तथा बालकको ईच्छा बिरुद्ध काममा लगाउन नहुने व्यवस्था भएको पाइन्छ। श्रम ऐन २०७४ को दफा ५ मा कसैले पनि बाबालिकालाई कानुन बिपरीत हुने गरी काममा लगाउन नपाउने व्यवस्था गरेको छ। त्यस्तै बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५–२०८५) ले बि.सं. २०८२ सम्म सबै प्रकारको बालश्रमको अन्त्य (उन्मुलन) गर्ने उद्देश्य लिएको छ।

यस अर्थमा नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा गरेको बालअधिकारको प्रत्याभूति र बालश्रम उन्मूलन गर्ने प्रतिबद्धताको कार्यान्वयन स्थानीय तहबाट व्यवस्थित रुपमा नगरेसम्म बालश्रम मुक्त नेपाल बनाउन सम्भव नहुन सक्छ। त्यसैले यस गाउँपालिकाले पनि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को मातहतमा रही यो बालश्रम उन्मूलन रणनीति २०७८–२०८८ पारित गरेको छ ।

## ३. रणनीतिको औचित्य :

बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५–२०८५) ले नेपालबाट वि.सं. २०८२ सम्म सबै प्रकारका बालश्रम निवारण गरी नेपाललाई बालश्रम मुक्त राज्यको रुपमा स्थापना गर्न खोजेको छ । नेपालमा आन्तरिक बालश्रम र अन्तरदेशीय बालश्रमको समस्या भोग्दै आएको छ । नेपाल बालश्रम तथा मानव बेचबिखनको लागि स्रोत राज्यको रुपमा पनि दे खिएको छ । बालश्रमको क्षेत्र मानव बेचबिखन फष्टाउनको लागि उर्वरक क्षेत्र पनि हो । बालश्रममा फसेको बालबालिकाहरु गरिबीको कुचक्रमा पनि फस्ने गर्दछन् ।

नेपालको संविधानले राज्य संरचनामा आमूल परिवर्तन गरी संघ, प्रदेश र स्थानीय गरी तीन तहमा सरकार रहने, काम कर्तव्य र अधिकारसमेत तीन तहबाट नै प्रयोग र प्रचलन हुने प्रणालीको विकास भएको छ। बालश्रमको न्यूनीकरण तथा निवारण संघीय, प्रदेश वा स्थानीय तह कुनै एकको प्रयासले मात्र संभव छैन । तीनवटै तहको सरकारको संयुक्त प्रयासमा मात्र संभव हुने देखिन्छ। बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ ले बालश्रमलाई निषेध गरे को छ भने बालबालिका सम्बन्धी ऐन २०७५ ले स्थानीय तहलाई बालसंरक्षणको लागि नीति, मापदण्ड बनाउन सक्ने अधिकार दिएको छ। यस्तै बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयो जना (२०७५–२०८५) ले बालश्रम निवारणमा स्थानीय तहको भूमिका प्रष्ट रुपमा उल्लेख गरेको छ । अतः यस राप्ती गाउँपालिकामा पनि रणनीतिक रुपले बालश्रमलाई निरुत्साहित गरी जोखिमयुक्त बालश्रम न्यूनीकरण तथा बालश्रमको पूर्ण रुपमा निवारण गर्न यो रणनीति विकास गरी कार्यान्वयनमा आएको छ ।

## ४. रणनीतिको उद्देश्यः

१. राप्ती गाउँपालिकालाई बालश्रममुक्त गाउँपालिकाको रुपमा स्थापित गर्ने,
२. राप्ती गाउँपालिकाको क्षेत्रलाई सबै प्रकारको बालश्रम निषेधित क्षेत्र बनाउने,
३. राप्ती गाउँपालिकाबाट सबै प्रकारका बालश्रमको न्यूनीकरण, निवारण वा उन्मूलन गरी बालमैत्री गाउँपालिका निर्माण गर्ने ।

## ५. रणनितिको लक्ष्यः

राप्ती गाउँपालिकाभित्र हुने र बाहिर जाने सबै प्रकारका बालश्रमलाई निरुत्साहन गर्दै बालश्रम शोषणमा परेका बालबालिकाहरुको उद्धार, पुनःस्थापना गर्ने, परिवार पुनर्मिलन गर्ने, अभिभावकविहीन बालबालिकाहरुलाई उचित व्यवस्थापन गर्ने तथा बालश्रमको उच्च जोखिममा रहेका परिवारहरुको आर्थिक सबलीकरण गरी वि.सं. २०८७ भित्र राप्ती गाउँपालिकालाई बालश्रम मुक्त गाउँपालिकाको रुपमा घोषणा गर्ने ।

## ६. यस रणनीतिको लक्षित समूह :

नेपालको बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६ अनुसारको सबै प्रकारको बालश्रम, जोखिम अवस्था र निकृष्ट प्रकारको बालश्रम उन्मुलन गर्न यो रणनीति कार्यान्वयनमा

ल्याइने छ । तथापि यस राप्ती गाउँपालिकाको अवस्था बिश्लेषण गर्दा बालबालिका निम्न क्षेत्रमा बालश्रम देखिएकोले उनीहरुलाई प्राथमिक लक्षित समूहको रुपमा लिइएको छ । यसका अतिरिक्त बालश्रमिकका परिवार तथा अभिभावकहरु पनि यस रणनीतिको लाभान्वित लक्षित समूह हुन् अन्तर्गत पर्दछन् भने बालश्रमिकका सरोकारवालाहरु सहायक लक्षित समूहको रुपमा लिइएको छ ।

**६.१ लाभान्वित प्रमुख लक्षित समूहहरु :**

१. चौध वर्ष उमेर पूरा नगरेका घरेलु बालश्रमिक र परिवार

२. १८ वर्ष उमेर पूरा नगरेका ईंटा उद्योग र निर्माण क्षेत्रका बालश्रमिक र परिवार

३. १८ वर्ष उमेर पूरा नगरेका मनोरञ्जन क्षेत्र र होटलका बालश्रमिक (यौन शोषण समेत) र परिवार

४. १८ वर्ष उमेर पूरा नगरेका यातायात क्षेत्रका बालश्रमिक र परिवार

५. १८ वर्ष उमेर पूरा नगरेको छिमेकी देशमा गएका बालश्रमिक र परिवार

६. १८ वर्ष उमेर पूरा नगरेका यान्त्रिक वा रासायनिक क्षेत्रका बालश्रमिक र परिवार,

७. १८ वर्ष उमेर पूरा नगरेका बाल भरिया र परिवार

८. चौध वर्ष उमेर पूरा नगरेका बालश्रमको जोखिममा परेका बालबालिका र परिवार

**६.२ सहायक लक्षित समूह :**

१. ईंटा उद्योग

२. मनोरञ्जन तथा होटल ब्यवसायी संस्था

३. यातायात संस्था

४. व्यवसायिक संगठन

५. नागरिक समाज

६. सेवा प्रदायक संघसंस्था

७. बुटिक

**७. मुख्य रणनीतिः**

रणनीति १ : बालश्रम निवारणको लागि संस्थागत सुधार गर्ने ।

रणनीति २ : बालश्रम निवारणमा सम्बद्ध सरोकारवालाहरु बिच समन्वय, सहकार्य र सञ्जाल स्थापना गरी परिचालन गर्ने ।

रणनीति ३ : बालश्रममा परेका बालबालिकाहरुको नियमित खोजी, उद्धार, अनुगमन र पुनःस्थापना गर्ने ।

रणनीति ४ : लक्षित कार्यक्रमहरुको माध्यमबाट बालश्रमको जोखिममा परेका बालबालिका र उनीहरुको परिवारलाई रोकथाममूलक कार्यक्रम र सहयोग गर्ने ।

रणनीति ५: बालश्रमिक पुनःस्थापना कोषको ब्यवस्था गर्ने ।

**८. सहायक रणनीतिहरुः**

रणनीति १: बालश्रम निवारणको लागि संस्थागत सुधार गर्ने ।

सहायक रणनीति १.१ : बालश्रम नियन्त्रण तथा अनुगमन उपसमितिको स्थापना गरी परिचालन गरिनेछ ।

सहायक रणनीति १.२ : बालश्रम नियन्त्रण तथा अनुगमन उपसमितिका पदाधिकारी, वडा

समिति र सम्बद्ध कर्मचारीहरुको बालश्रम रोकथाम, अनुगमन, उद्धार आदि क्षेत्रमा क्षमता अभिबृद्धि गरिनेछ ।

सहायक रणनीति १.३ : पालिकामा बालश्रमसम्बन्धी तथ्याङ्क सुव्यवस्थित राख्ने व्यवस्था मिलाइनेछ ।

सहायक रणनीति १.४ : कम्तिमा पनि बालश्रमको क्षेत्रमा नियमित कार्य गर्नको लागि पालिका स्तरिय एक जना अधिकृत र एक जना समाजिक परि चालक स्तरको कर्मचारीको व्यवस्था गरिनेछ ।

सहायक रणनीति १.५ : पालिका क्षेत्रभित्र सञ्चालनमा रहेका समुदायमा आधारित संस्थाहरु जस्तै बाल क्लब, युवा क्लब, महिला संजाल, जेष्ठ नागरिक संजाल, दलित संजाल, अपाङ्ग संजाल आदिको बालश्रम रोकथाम सम्बन्धी क्षमता अभिबृद्धि गरिनेछ ।

सहायक रणनीति १.६ : बालश्रम राख्ने र राख्न अनुमति दिने अभिभावक समेतलाई बालश्रममा निरुत्साहित गर्न पत्राचार, नसिहत वा पालिकाको सेवा सुविधाबाट बञ्चित गर्ने व्यवस्था मिलाईनेछ ।

रणनीति २ : बालश्रम निवारणमा पालिका सम्बद्ध सरोकारवालाहरु बीच समन्वय, सहकार्य र सञ्जाल स्थापना गरी परिचालन गर्ने ।

सहायक रणनीति २.१ : पालिकास्तरीय बालसंरक्षण सञ्जालको निर्माण गरिनेछ जसमा पालिकामा कार्यरत गैसस, समुदायिक संस्था, सञ्चार तथा सरोकारवालाहरुलाई समेटिनेछ ।

सहायक रणनीति २.२ : पालिकामा बालश्रमको क्षेत्रमा दक्षता हासिल गरेका राष्ट्रिय, अन्तर्राष्ट्रिय, स्थानिय गैर सरकारी संघ संस्थाहरुको सहयोग लिइनेछ ।

सहायक रणनीति २.३ : श्रम कार्यालयसँग नियमित छलफल र सहयोगको लागि समन्वय स्थापना गरिनेछ ।

सहायक रणनीति २.४ : सीमाान्तकृत समुदाय र क्षेत्रका परिवारहरुमा व्यापक सचेतनामूलक क्रियाकलापको लागि बालसंरक्षण संजालको परिचालन गरिनेछ ।

सहायक रणनीति २.५ : सामाजिक बहिष्करण, बिभेद तथा लैङ्गिक असामनताको सम्बोधन हुने गरी पालिकाको सबै परियोजनाहरु सञ्चाालन गरिनेछ ।

सहायक रणनीति २.६ : पालिकाक्षेत्रभित्ररहेका उद्योग,कलकारखाना,कम्पनी,व्यसायीहरुलाई आआफ्नो क्षेत्रभित्र बालश्रम मुक्त बनाउन निर्देशन र अनुगमन गरिनेछ ।

रणनीति ३ : पालिका क्षेत्र भित्र बालश्रममा परेका बालबालिकाहरुको नियमित खोजी, उद्धार, अनुगमन र पुनःस्थापना सहयोग गर्ने ।

सहायक रणनीति ३.१ : बालश्रमको अनुगमन तथा खोजी गर्न बालश्रम नियन्त्रण तथा अनुगमन उपसमिति र पालिका र वडा स्तरिय बालसंरक्षण सञ्जालका पदाधिकारी, सम्बन्धित कर्मचारी तथा वडा समिति एवं कर्मचारीहरुलाई परिचालन गरिनेछ ।

सहायक रणनीति ३.२ : बालश्रमको उच्च जोखिम क्षेत्र, समुदाय, वर्ग र परिवारको पहिचान एवं प्राथमिकीकरण गरी तथ्याङ्क अद्यावधिक गरिनेछ ।

सहायक रणनीति ३.३ : उच्च जोखिम वा निकृष्ट प्रकारको श्रममा रहेका बालबालिकाहरुको तत्काल उद्धार गरी अस्थायी रुपमा उनीहरुलाई सुरक्षित आवासमा राख्ने प्रबन्ध मिलाइनेछ ।

सहायक रणनीति ३.४ : उद्धार गरिएका बालश्रमिकहरुलाई नेपाल सरकारले लागू गरेको बालश्रमिकको अनुगमन, उद्धार, पुनर्मिलन एवं पुनर्स्थापना सम्बन्धी कार्यबिधि २०७६ को प्रक्रिया अनुसार सहयोग गरिनेछ ।

सहायक रणनीति ३.५ :

रणनीति ४ : पालिका क्षेत्रभित्र लक्षित कार्यक्रमहरुको माध्यमबाट बालश्रमको जोखिममा परेका बालबालिका र उनीहरुको परिवारलाई रोकथाममूलक कार्यक्रम र सहयोग गर्ने ।

सहायक रणनीति ४.१ : पालिका क्षेत्रभित्र बालश्रमिक वा बालश्रमको उच्च जोखिममा परेका परिवारहरुको लागि स्वरोजगारमूलक सीप बिकास कार्यक्रमहरु गरिनेछ ।

सहायक रणनीति ४.२ : श्रमिक बालबालिकाहरुको लागि उचित व्यवसायमूलक शिक्षा र तालिमहरुको आयोजना गरिनेछ ।

सहायक रणनीति ४.३ : श्रमिक बालबालिका वा बालश्रमको उच्च जोखिममा परेका बालबालिकाहरुको परिवारमा एक घर एक अभिभावक रोजगारको अवधारणामा आधारित स्वरोजगारमूलक बिना धितो सशर्त ऋणको व्यवस्था मिलाइनेछ ।

सहायक रणनीति ४.४ : उद्धार गरिएका श्रमिक बालबालिकाहरुको लागि माध्यमिक तहसम्म पूर्ण निःशुल्क शिक्षाको व्यवस्थाका लागि उपयुक्त उपायहरु अवलम्बन गरिनेछ ।

सहायक रणनीति ४.५ : बालश्रमको उच्च जोखिमयुक्त परिवारहरुमा गैरसरकारी संघसंस्था, सामुदायिक संघसंस्था एवं सेवाप्रदायकहरुको सहयोगमा मनोसामाजिक परामर्श गरिनेछ ।

रणनीति ५ : बालश्रमिक पुनर्स्थापना कोषको व्यवस्था गर्ने ।

सहायक रणनीति ५.१ : गाउँपालिकाले स्थापना गरेको बालकोषमा छुट्टै बालश्रम निवारण तथा पुनर्स्थापना शिर्षक अन्तर्गत बार्षिक योजना तर्जुमाबाट बजेटको व्यवस्था गरिनेछ ।

९. बालश्रम निवारण सम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५–२०८५) ले तोकेको पालिकाले गर्ने मुख्य कार्यहरु :

- गाउँपालिका क्षेत्रमा भएका बालश्रमको पहिचान तथा पुनर्स्थापनामा सहयोग गर्ने ।
- जोखिममा परेका बालबालिकाहरुको उद्धार गर्न पहल गर्ने ।
- बालश्रम निवारणका लागि गाउँ स्तरमा चेतनामूलक अभियान चलाउने र प्रचारप्रसार गर्ने ।
- बालश्रम सम्बन्धी तथ्याङ्क अध्यावधिक गर्ने ।
- गाउँपालिकालाई बालश्रम मुक्त क्षेत्र घोषणा गर्ने ।

### ९.१ राप्ती गाउँपालिकाले गर्ने कार्यहरुः

यस रणनीतिको सफल कार्यान्वय गर्नको लागि राप्ती गाउँपालिकाले निम्न अनुसारका कार्यहरु गर्नेछ ।

- पालिकास्तरीय बाल अधिकार समिति मातहत रहने गरी बालश्रम नियन्त्रण तथा अनुगमन उपसमितिको गठन तथा सहयोगी कर्मचारीको व्यवस्था गर्ने र क्षमता विकास गर्ने ।
- बालबालिका सम्बन्धी सबै प्रकारको तथ्याङ्कहरु व्यवस्थितरुपमा राख्ने व्यवस्था मिलाउने ।
- पालिका र वडास्तरीय बालसंरक्षण सञ्जालको निर्माण ।
- बालश्रम नियन्त्रण, पुनर्स्थापना वा बालबालिकाहरुको क्षेत्रमा काम गर्ने गैरसरकारी संघसंस्थाहरुको पहिचान गरी सामाजिक नक्सा तयार गर्ने ।
- बालश्रमको जोखिम र उच्च जोखिममा परेका परिवार, बालबालिका र क्षेत्र निर्धारण गर्न गाउँ सर्वेक्षर्णे गर्ने र विश्लेषण गर्ने ।
- बालश्रमिकहरुको नियमित खोजी, उद्धार र पुनर्स्थापना क्रियाकलापहरु गर्ने ।
- पालिका र वडाका सबै निर्वाचित पदाधिकारी, सदस्य, कर्मचारीहरुलाई बालश्रम सम्बन्धमा तालिमको आयोजना गर्ने ।
- पालिकामा भएका बाल सञ्जाल, महिला सञ्जाल लगायतका समुदायमा आधारित संस्थाहरुको बालश्रम रोकथामसम्बन्धी क्षमता अभिबृद्धि तालिमहरु उपलब्ध गराउने । यसको लागि आवश्यकताका आधारमा गैरसरकारी संघसंस्थाहरु एवं दातृ निकायहरुसँग समन्वय गर्ने ।
- लक्षित वर्ग, समुदाय, परिवारहरुमा बालश्रम निषेधित क्षेत्र निर्माणको लागि सचेतना अभियान नियमित सञ्चालन गर्ने ।
- उद्योग, कलकारखाना, व्यवसायिक संगठनहरु र नागरिक समाजसँग बालश्रम उन्मूलनको लागि नियमित छलफल गरी बालश्रम निषेधित र मर्यादित व्यवसायिक क्षेत्र बनाउन उत्प्रेरित गर्ने ।
- महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा मातहत हुनेगरी बालश्रम नियन्त्रण उपशाखाको व्यवस्था मिलाइनेछ ।

## १०. रणनीति कार्यान्वयनको लागि संस्थागत संरचनाः

यस रणनीतिको कार्यान्वयनको अभिन्न संरचनाको रुपमा पालिकास्तरीय बालअधिकार समिति र सो मातहत निर्माण हुने बालश्रम नियन्त्रण तथा अनुगमन उपसमिति हुनेछ । यस अन्तर्गतका समिति तथा उपसमितिले पालिकास्तरीय बालसंरक्षण सञ्जाल, वडास्तरीय बालअधिकार समिति तथा नागरिक समाज, सामुदायिक संस्था, सञ्चारजगत, सरोकारवाला निकाय, गैरसरकारी संघसंस्था, दातृ निकायहरु, प्रदेशस्तरीय बालश्रम नियन्त्रण गर्ने सम्बन्धित निकाय, श्रम कार्यालयसँग समन्वय गरी यो रणनीतिको सफल कार्यान्यन गर्न पहलकदमी लिने । यसका अतिरिक्त गाउँ कार्यपालिका, वडासमितिलाई नियमित कार्य प्रगतिको बारेमा जानकारी गराउने र आवश्यक सहयोग, कार्यक्रम वा अन्य सरोकारको विषयमा सिफारिस गर्नेछन् ।

उल्लेखित समितिलाई सहयोग गर्न तथा नियमित कार्य सञ्चालनको लागि आवश्यक्ता अनुसार अधिकृतस्तर तथा सामाजिक परिचालकस्तरका कर्मचारीहरुको व्यवस्था गर्ने र सो व्यवस्थापन नभएसम्म कार्यपालिकाले निर्णय गरी उपयुक्त कर्मचारीलाई जिम्मेवारी तोक्ने ।

**११. स्रोतको व्यवस्थाः**

यस कार्यका लागि स्रोत साधनको व्यवस्थापन निम्नानुसार परिचालन गरिनेछः

१. संघीय सरकारबाट प्राप्त हुने अनुदान रकम,

२. प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम

३. गाउँपालिकाबाट विनियोजन तथा प्राप्त हुने रकम,

४. विभिन्न व्यक्ति, सामुदायिक राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने रकम

५. तोकिए बमोजिमका अन्य रकमहरु

**१२. अनुगमन, मुल्याङ्कन र प्रतिवेदनः**

बालश्रम निवारणसम्बन्धी यो रणनीति कार्यान्वयन भए नभएको अनुगमन बालअधिकार समितिले गर्नेछ। बालश्रम नियन्त्रण तथा अनुगमन उपसमितिले यो रणनीतिलाई कार्यान्वयनमा ल्याउन पालिका र वडास्तरीय बालअधिकार समिति, गाउँपालिका कार्यपालिका, वडा समिति र अन्य सरोकारवालाहरुसँग नियमित समन्वय र सहकार्य गर्नुपर्नेछ।

यस रणनीतिको कार्यान्वयन र बालश्रम निवारणको लागि लक्षित प्रगतिको मूल्यांकन बार्षिक दुईपटक गरिनेछ जसको आयोजना बालश्रम नियन्त्रण र अनुगमन उपसमितिले गर्नुपर्नेछ। यसका साथै उक्त उपसमितिले यस रणनीतिले अख्तियार गरेको लक्ष्यको प्रगति प्रतिवेदन बार्षिक रुपमा गाउँपालिका कार्यपालिकालाई प्रेषण गर्नुपर्नेछ र कार्यपालिकाले प्रगति प्रतिवेदन पारित गरेमा प्रकाशन समेत गरिनेछ।

गाउँपालिकाबाट पारित मितिः ...........

...............................

प्रमाणित गर्ने अधिकारीको नामः ........

पदः............

मितिः .............